वि.सं. २०३९ सालदेखि निरन्तर प्रकाशित
www.bhanjyangnews.com

# भञ्ज्याङ

BHANJYANG NATIONAL DAILY राष्ट्रिय दैनिक

वि.सं. २०३९ सालदेखि निरन्तर प्रकाशित हुँदैं आएको 'भञ्ज्याङ'
भञ्ज्याङ bhanjyangnews.com
निष्पक्ष, सत्य, तथ्य तथा खोजमूलक समाचारको अग्रणी
सत्य, तथ्य, खोजमुलक समाचारको अग्रदूत
"विश्वसनीय समाचार, तपाईको अधिकार"
हामीलाई यहाँ फलो गर्नुहोस्
बेबसाइट www.bhanjyangnews.com
फेसबुक पेज facebook.com/bhanjyangdaily
एक्स (ट्विटर) x.com/@bhanjyangdaily
युट्युब च्यानल youtube.com/@bhanjyangtvonline9
टिकटक tiktok.com/@bhanjyang.daily.n
हामीलाई LIKE, FOLLOW गर्दै गर्नुहोसा !
हामी तपाईलाई निष्पक्ष, सत्य, तथ्य, खोजमुलक समाचार, विचार, सूचना, सन्देश प्रवाह गरिरहने छौं ।

वर्ष ४५ अंक १३० | २०८३ भदौ २५ गते बिहीबार, नेपाल सम्वत् ११४६ September 10, 2026 | पृष्ठ ४ | मूल्य : रू. १५/-



## परम्परागत पेशा

तनहुँको व्यास नगरपालिका–५, पाटनकी भारती थापा परम्परागत पेशाको मौलिक पहिचान जोगाउने उद्देश्यले तानमा कपडा बुन्दै । मगर समुदायका पुरूषले लगाउने कछाड तथा महिलाले भिर्ने विभिन्न परम्परागत कपडा भारतीले आफ्नै हातले बुन्ने गर्छिन । आधुनिक मेसिनबाट उत्पादन हुने कपडाको प्रयोग बढिरहेका बेला हातले बुनेका यस्ता मौलिक पहिरन तयार गर्नु उनका लागि केवल आम्दानीको माध्यम मात्र होइन, पुर्खाले छाडेर गएको सीप र संस्कृतिको संरक्षण भएको बताउँछिन् । पाँच दिनमा एउटा कछाड तयार गर्ने भारतीले मेहनत, समय र सीप खर्चिएर तयार गरिएको कछाड करिब चार हजारदेखि छ हजार रूपैयाँसम्म बिक्री गर्ने गर्छिन ।
घरायसी कामबाट बचेको समयलाई सीप र सिर्जनशीलतामा लगाउँदै उनले आफ्नो मेहनतलाई आम्दानीसँग जोडेकी छन् । उनको यो पेशाले मगर समुदायको इतिहास, संस्कृति र पहिचानलाई समेत संरक्षण गर्दै आएको छ ।

*तस्विर : अश्विन किशोर श्रेष्ठ/भञ्ज्याङ*

# नेपालले किन मागिरहेको छ 'जलवायु न्याय' र क्षतिपूर्ति ?

**एजेन्सी**

हालै नेपाल र चीनको तिब्बत क्षेत्रमा आएको विनाशकारी बाढीपछि नेपालले 'जलवायु न्याय' र दुई करोड अमेरिकी डलर (करिब तीन अर्ब दुई करोड नेपाली रूपैँया) क्षतिपूर्ति माग गरेको छ । उक्त विपत्तिमा ठुलो जनधनको क्षति भएको छ । हजारौँ मानिस अझै बेपत्ता छन् ।



वैज्ञानिकहरुका अनुसार जलवायु परिवर्तनका प्रभावका कारण उत्पन्न भएको भनिएको यो विपत्ति अगस्ट २६ मा हिमनदीको केही भाग भत्किएपछि सुरू भएको थियो । त्यसपछि आएको ठुलो बाढीले नेपालको रसुवा र नुवाकोट तथा चीनको सीमाक्षेत्रलाई प्रभावित बनाएको थियो ।

'हामीले सिर्जना नगरेको विश्वव्यापी संकटको सबैभन्दा ठुलो मूल्य हामीले चुकाइरहेका छौँ', परराष्ट्रमन्त्री शिशिर खनालले गत साता भनेका थिए। उनले नेपाललाई दिइने सहयोगलाई सहायता वा उपकारको दृष्टिले होइन, जलवायु न्यायको दृष्टिकोणबाट हेर्नुपर्नेमा जोड दिएका थिए ।

सोमबार राष्ट्रका नाममा सम्बोधन गर्दै राष्ट्रपति रामचन्द्र पौडेलले पनि यस्तै माग दोहोऱ्याए। नेपालको अर्थ मन्त्रालय र वातावरण मन्त्रालयले संयुक्त रूपमा संयुक्त राष्ट्रसंघलाई पत्र पठाउँदै जलवायु परिवर्तनबाट हुने क्षति तथा नोक्सानी सम्बोधन गर्न स्थापना गरिएको कोषबाट २ करोड अमेरिकी डलर क्षतिपूर्ति माग गरेका छन्। सन् २०१५ को पेरिस जलवायु सम्झौताअनुसार सन् २०२२ मा संयुक्त राष्ट्रसंघले जलवायु परिवर्तनबाट हुने 'लस एन्ड ड्यामेज' अर्थात् क्षति तथा नोक्सानीका लागि उक्त कोष स्थापना गरेको थियो ।

तर संयुक्त राष्ट्रसंघको 'लस एन्ड ड्यामेज फन्ड' आफैँ २ अर्ब ८० करोड अमेरिकी डलरको वित्तीय अभाव झेलिरहेको छ । कोषले जलवायु पुनरूत्थानका पहिलो परियोजनालाई स्वीकृत गर्ने तयारी गरिरहेका बेला यस्तो वित्तीय संकट देखिएको हो ।

**'सामूहिक निराशा'**

नेपालका नेताहरूको मागको आधार छ । नेपालले विश्वव्यापी हरितगृह ग्यास उत्सर्जनमा ०.१ प्रतिशतभन्दा कम योगदान गर्छ । देशले आफ्नो अधिकांश विद्युत् नवीकरणीय ऊर्जाबाट उत्पादन गर्छ, तर हिमालयमा अवस्थित भएकाले नेपाल जलवायु तथा मौसमजन्य चरम घटनाप्रति अत्यन्त संवेदनशील छ । गत महिनाको विनाशकारी बाढी विश्वव्यापी तापक्रम तीव्र रूपमा बढिरहेको र हिमालयमा हिमनदीहरू तीव्र गतिमा पग्लिरहेको पृष्ठभूमिमा आएको हो।

अफगानिस्तान, बंगलादेश, भुटान, चीन, भारत, म्यानमार, नेपाल र पाकिस्तानसम्म फैलिएको हिन्दुकुश हिमालय क्षेत्रमा रहेका हिमनदीहरूले सन् २०११ देखि २०२० को अवधिमा अघिल्लो दशकको तुलनामा ६५ प्रतिशत बढी तीव्र गतिमा हिउँ गुमाएका थिए ।

संयुक्त राष्ट्रसंघका अनुसार भारत र चीनजस्ता दुई ठुला कार्बन उत्सर्जक मुलुकबिच अवस्थित नेपालका हिमनदीहरूले विश्वव्यापी तापक्रम वृद्धिका कारण करिब तीन दशकमा आफ्नो झन्डै एकतिहाइ हिउँको आयतन गुमाइसकेका छन् ।

नेपालमा रहेर जलवायु अभियान सञ्चालन गर्दै आएकी वातावरण अभियन्ता तनुजा पाण्डेका अनुसार नेपालले जलवायु न्यायको माग गर्नुको पछाडि 'सामूहिक निराशा' छ। उनले भनिन्, 'जलवायु विपत्ति बेवास्ता गर्नै नसकिने भएपछि मात्र विश्वले नेपालतर्फ ध्यान दिने गरेको यहाँका मानिसलाई लाग्छ। हजारौँ

बाँकी अन्तिम पेजमा

# बाढीपीडितका लागि व्यासको २१ लाख बढी सहयोग

## जनप्रतिनिधि र कर्मचारीको पारिश्रमिकबाट १५ लाख ८८ हजार

**भञ्ज्याङ समाचारदाता/दमौली**

भोटेकोशी बाढीबाट प्रभावित परिवारको उद्धार, राहत तथा पुनःस्थापनाका लागि तनहुँको व्यास नगरपालिकाले रू. २१ लाख ३९ हजार ५ सय ६५ सहयोग गरेको छ । नगरपालिकाले उक्त रकम प्रधानमन्त्री दैवी प्रकोप उद्धार कोषमा जम्मा गरेको हो ।

नगरपालिकाका प्रमुख प्रशासकीय अधिकृत सुकदेव लम्सालका अनुसार नगरपालिकाको विपद् पुनःस्थापना कोषबाट रू. ५ लाख ५१ हजार तथा जनप्रतिनिधि र कर्मचारीको पारिश्रमिकबाट रू. १५ लाख ८८ हजार ५ सय ६५ संकलन गरी उद्धार कोषमा जम्मा गरिएको हो ।

नगरपालिकाले आफ्नो क्षेत्रभित्र कार्यरत सम्पूर्ण शिक्षकलाई समेत विद्यालयमार्फत सहयोग रकम संकलन गरी उद्धार कोषमा जम्मा गर्न अनुरोध गरेको छ ।

गत भदौ १० गते रसुवाको भोटेकोशी नदीमा आएको विनाशकारी बाढीबाट व्यास नगरपालिका–५ की आकृति कुमाल र व्यास नगरपालिका–७ का प्रताप राना बेपत्ता छन् । उनीहरूको खोजतलास तथा उद्धारका लागि नेपाल सरकार र प्रदेश सरकारसँग आवश्यक पहल गरिदिन नगरपालिकाले अनुरोध गरेको छ।

नगरपालिकाको २४६औँ कार्यपालिका बैठकले बेपत्ता नागरिकका परिवारले भोग्नुपरेको पीडा र पारिवारिक कठिनाइलाई ध्यानमा राख्दै आवश्यक स्वास्थ्य तथा मनोसामाजिक सहयोगको व्यवस्था गर्न सम्बन्धित निकायलाई अनुरोध गर्ने निर्णयसमेत गरेको छ ।

बैठकले विपद्बाट भएको ठूलो जनधनको क्षतिप्रति दुःख व्यक्त गर्दै यस वर्षको तीज पर्वलाई भड्किलो रूपमा नमनाउन नगरवासीलाई आग्रह गरेको छ । विपद्का कारण शोकमा रहेका परिवार तथा प्रभावित समुदायप्रति संवेदनशील बन्नसमेत नगरपालिकाले अनुरोध गरेको छ।

यसैगरी, बैठकले नगरभित्रका सडक, नाला, पैदलमार्ग, सार्वजनिक चौतारा लगायत सार्वजनिक स्थानको सरसफाइ तथा मर्मत–सम्भारलाई प्रभावकारी बनाउन सम्बन्धित वडालाई निर्देशन दिएको छ । उक्त कार्यमा टोल विकास संस्था तथा स्थानीय समुदायको सहभागिता सुनिश्चित गर्नसमेत भनिएको छ ।

नगरपालिकाले बजारमा देखिएको अभाव तथा मूल्यवृद्धिप्रति पनि चासो व्यक्त गरेको छ। कतिपय खुद्रा विक्रेताले अत्यधिक मूल्यमा सामान बिक्री गरेको गुनासो आएको भन्दै कालोबजारी तथा कृत्रिम अभाव नियन्त्रणका लागि बजार अनुगमन र कारबाही प्रभावकारी बनाउन सम्बन्धित निकायलाई अनुरोध गर्ने निर्णय गरिएको छ ।

बैठकले व्यास नगरपालिकाभित्र

बाँकी तेश्रो पेजमा

## सम्पादकीय ............

www.bhanjyangnews.com

# युवालाई अवसरको खाँचो

मुलुक अहिले विषम परिस्थितिबाट अघि बढिरहेको छ । पछिल्लो समय नयाँ पुस्तामा देखिएको असन्तुष्टि र आक्रोशले राज्य सञ्चालनको पुरानो शैलीमाथि गम्भीर प्रश्न उठाएको छ। यस्तो अवस्थामा अब तीनै तहका सरकारले विगतका कमजोरीबाट पाठ सिक्दै जनताको अपेक्षा र आवश्यकतालाई केन्द्रमा राखेर अघि बढ्नुपर्ने बेला आएको छ । आजको सबैभन्दा ठूलो चुनौतीमध्ये युवा पलायन र बेरोजगारी प्रमुख हो। रोजगारीको खोजीमा दैनिक ठूलो संख्यामा युवा विदेशिइरहेका छन्। शिक्षित युवाको अवस्था पनि सहज छैन । पढेपछि रोजगारी पाइने निश्चितता छैन। व्यवसाय गर्न पूँजीको अभाव छ । कृषि गर्न चाहनेसँग पर्याप्त जग्गा छैन। जग्गा भएकासँग खेती गर्ने सीप, प्रविधि वा बजारको सुनिश्चितता छैन। यही अन्योलका कारण युवापुस्ता 'अब के गर्ने ?' भन्ने प्रश्नमा अल्झिएको छ । वैदेशिक रोजगारीमा गएका नेपालीले पठाएको रेमिट्यान्सले मुलुकको अर्थतन्त्र धान्न महत्वपूर्ण योगदान गरिरहेको छ । तर रेमिट्यान्सको ठूलो हिस्सा उत्पादनमूलक क्षेत्रमा लगानी हुन नसक्दा त्यो रकम उपभोगमै सकिने गरेको छ। विदेशबाट आएको पैसा घर निर्माण, महँगा उपभोग्य वस्तु खरिद र दैनिक खर्चमा जाने तर उत्पादन र रोजगारी सिर्जनामा पर्याप्त लगानी नहुने अवस्था दीर्घकालीन अर्थतन्त्रका लागि सुखद होइन ।

हाम्रो जीवनशैली पनि आयातमुखी बन्दै गएको छ । आफ्नै गाउँठाउँमा उत्पादन गर्न सकिने वस्तुसमेत बाहिरबाट ल्याएर उपभोग गर्ने प्रवृत्ति बढेको छ । उत्पादन घट्दै जाने र आयात बढ्दै जाने अवस्थाले मुलुकको अर्थतन्त्रलाई थप कमजोर बनाउँछ । त्यसैले अबको प्राथमिकता स्पष्ट हुनुपर्छ– युवालाई विदेश पठाउने होइन, स्वदेशमै अवसर सिर्जना गर्ने । जनताको घरदैलोको सरकार स्थानीय तह हो। त्यसैले युवा रोजगारी र स्वरोजगारको विषयमा स्थानीय सरकारको भूमिका सबैभन्दा महत्वपूर्ण हुन्छ । स्थानीय तहले आफ्नो क्षेत्रका युवाको अवस्था, रूचि, क्षमता र सम्भावनाको पहिचान गरी त्यसअनुसार कार्यक्रम बनाउनुपर्छ । केवल बजेट खर्च गर्ने कार्यक्रम होइन, आम्दानी र रोजगारी सिर्जना गर्ने कार्यक्रम आवश्यक छ । शैक्षिक बेरोजगार युवाका लागि लोकसेवा तथा अन्य सेवा आयोगका परीक्षाको तयारी कक्षा सञ्चालन गर्न सकिन्छ । सीपमूलक तथा व्यावसायिक तालिम दिन सकिन्छ । उद्यम गर्न चाहने युवालाई उद्यमशीलता विकास, व्यवसाय व्यवस्थापन र सीप विकासका तालिमसँगै सहुलियतपूर्ण ऋण तथा आवश्यक अनुदानको व्यवस्था गर्न सकिन्छ। तालिम दिने तर त्यसपछि युवालाई बजार, पूँजी र प्रविधिबाट टाढा राख्ने पुरानो शैली अब परिवर्तन हुनुपर्छ ।

कृषितर्फ पनि स्थानीय तहले नयाँ सोचका साथ काम गर्न आवश्यक छ । जग्गा नभएका तर कृषि गर्न चाहने युवालाई जग्गाधनीसँग समन्वय गरी करार खेतीको व्यवस्था गर्न सकिन्छ । बाँझो जग्गालाई उत्पादनमा ल्याउन सकिन्छ । कृषि तथा पशुपालनका लागि बीउ, मल, औषधि, उपकरण, प्रविधि र बजारको व्यवस्था गर्न सकिन्छ। उत्पादन भएपछि बजार नपाउने समस्या समाधान गर्न स्थानीय तहले सहकारी तथा निजी क्षेत्रसँग सहकार्य गर्न सक्छन् । युवालाई विदेश जान लाग्ने खर्च स्वदेशमै व्यवसाय गर्न प्रयोग गर्न सक्ने वातावरण बनाउन सकियो भने त्यसको परिणाम अझ प्रभावकारी हुनेछ । एउटा युवालाई विदेश जानबाट रोक्नु मात्र समाधान होइन; उसलाई स्वदेशमै आफ्नो श्रमको उचित मूल्य पाइन्छ भन्ने विश्वास दिलाउनु मुख्य कुरा हो । रोजगारीको अर्को महत्वपूर्ण पक्ष निष्पक्षता हो। स्थायी सरकारी जागिरका लागि सेवा आयोगका परीक्षा उत्तीर्ण गर्नुपर्ने हुन्छ। तर करार सेवामा कतिपय अवस्थामा पहुँच, नाता सम्बन्ध वा सोर्सफोर्सले प्राथमिकता पाउने गुनासो सुनिन्छ। यसले योग्य युवामा निराशा बढाउँछ। स्थानीय तहले उपलब्ध रोजगारीमा पारदर्शिता र प्रतिस्पर्धाको सुनिश्चितता गर्नुपर्छ। सरकारप्रतिको युवाको विश्वास यहीँबाट पनि निर्माण हुन्छ ।

अब बन्ने नीति, कार्यक्रम र बजेटमा युवालाई केन्द्रमा राखिनुपर्छ । युवा नभएको गाउँमा विकासका योजना कार्यान्वयन गर्नसमेत कठिन हुन्छ । गाउँका उर्वर जमिन बाँझिँदै जानु, घरमा वृद्धवृद्धा मात्र बस्नु र उत्पादनका लागि आवश्यक जनशक्ति विदेशिनु सामान्य विषय होइन । यो मुलुकको भविष्यसँग जोडिएको गम्भीर प्रश्न हो । सरकारले युवालाई केवल रोजगारी खोज्ने व्यक्तिका रूपमा होइन, उत्पादन र परिवर्तनका साझेदारका रूपमा हेर्नुपर्छ । युवालाई अवसर, सीप, पूँजी, प्रविधि र बजारसँग जोड्न सकियो भने उनीहरू समस्या होइन, समाधान बन्न सक्छन् । अबको विकासको मापन सडक र भवनको संख्याले मात्र होइन, कति युवा स्वदेशमै टिके, कति स्वरोजगार भए र कति उत्पादन बढ्यो भन्ने आधारमा हुनुपर्छ। स्थानीय सरकारले यस दिशामा ठोस कदम चाल्न सके जनताको सरकारप्रतिको भरोसा पनि बढ्नेछ । युवालाई देशमै बस्ने वातावरण बनाउनु आजको सबैभन्दा ठूलो आवश्यकता हो। सरकार अवसर सिर्जना गर्न तयार हुनुपर्छ, युवा पनि उपलब्ध अवसरलाई सदुपयोग गर्न तयार हुनुपर्छ । युवा देशमै रोकिए भने गाउँ चल्छ, उत्पादन बढ्छ, अर्थतन्त्र बलियो हुन्छ र समृद्धिको आधार तयार हुन्छ । अबको नीति र बजेटले यही सत्यलाई आत्मसात् गर्नुपर्छ।

# आँधीमूलको पानीदेखि ऐनापहराको झरनासम्म, छिम्केश्वरीको काखमा फस्टाउँदै पर्यटन

तनहुँको आँबुखैरेनी क्षेत्रलाई केवल पृथ्वीराजमार्गको एउटा विश्रामबिन्दुका रूपमा हेर्नु यसको वास्तविक पहिचानलाई सीमित गर्नु हो । यहाँ पहाड छन्, पानीका मूल छन्, धार्मिक आस्था छन्, जनश्रुति छन् र पुस्ताैँदेखि प्रकृतिसँग सहअस्तित्वमा बाँचेको स्थानीय जनजीवन छ । छिम्केश्वरीको पहाडी संसारदेखि आँधीमूलको पानीसँग जोडिएको विश्वास र पृथ्वीराजमार्गको छेउमा रहेको ऐनापहराको झरनासम्म आइपुग्दा एउटा यस्तो भूगोल देखिन्छ, जहाँ इतिहास र वर्तमान विकास आमनेसामने भेटिन्छन् ।

आज यी क्षेत्रको स्वरूप विस्तारै बदलिँदैछ । कुनै समय स्थानीय समुदायको दैनिक जीवन, धार्मिक आस्था र प्राकृतिक परिवेशसँग मात्र परिचित रहेका ठाउँहरू अहिले पर्यटनको नक्सामा देखिन थालेका छन्। यस परिवर्तनमा स्थानीय सरकारको नीति, लगानी र नेतृत्वले महत्त्वपूर्ण भूमिका खेलेको छ ।

**आँधीमूल : एउटा मूल, एउटा नाम र एउटा जनजीवन**

आँधीमूलको इतिहास लिखित दस्तावेजमा मात्र खोजेर पूर्ण रूपमा बुझ्न कठिन हुन्छ। यस क्षेत्रको अतीतबारे स्थानीय जनश्रुति, भाषिक परम्परा, सांस्कृतिक अभ्यास र पानीको मूलसँग जोडिएका स्थानीय विश्वासहरूले पनि महत्वपूर्ण संकेत दिन्छन् । यस्ता मौखिक परम्परालाई ऐतिहासिक प्रमाणका रूपमा ग्रहण गर्दा भने तिनको प्रकृति र सीमालाई ध्यानमा राख्न आवश्यक हुन्छ ।

आँधीदमूल नामको उत्पत्तिबारे स्थानीयस्तरमा विभिन्न व्याख्या पाइन्छन्। प्रचलित जनश्रुतिअनुसार मगर भाषाको 'डि' शब्द पानीसँग सम्बन्धित अर्थमा प्रयोग हुने र आदिमकालदेखि पानीको मूल रहेको स्थान भएकाले 'आँधीमूल' नाम रहन गएको हुनसक्ने मान्यता छ। यो व्याख्या केही साहित्यिक तथा स्थानीय स्रोतमा समेत उल्लेख भएको पाइन्छ। यद्यपि, नामको उत्पत्तिबारे थप भाषिक तथा ऐतिहासिक अध्ययनबाट मात्र यसको निश्चित व्युत्पत्ति पुष्टि गर्न सकिन्छ ।

यस दृष्टिले आँधीमूललाई केवल एउटा भौगोलिक नामका रूपमा मात्र हेर्नुभन्दा पानीको स्रोत, बस्ती र स्थानीय जनजीवनबीचको सम्बन्धसँग जोडेर बुझ्न सकिन्छ ।

स्थानीय स्मृतिअनुसार, विगतमा पानीका मूलहरू गाउँको दैनिक जीवनका महत्वपूर्ण आधार थिए । खानेपानी, पशुपालन, खेतीपाती तथा सामाजिक भेटघाटजस्ता गतिविधिसँग यस्ता मूलहरू जोडिएका हुने गर्थे । कतिपय स्थानमा पानीका स्रोतहरू धार्मिक तथा सांस्कृतिक विश्वाससँग पनि सम्बन्धित रहेको पाइन्छ । आँधीमूलको सन्दर्भमा पनि यस्तै सम्बन्ध रहेको स्थानीय कथन र स्मृतिहरू भेटिन्छन् ।

यसैले आँधीमूलको इतिहास अध्ययन गर्दा लिखित प्रमाणसँगै स्थानीय जनश्रुति, भाषिक परम्परा र सांस्कृतिक स्मृतिलाई पनि स्रोतका रूपमा लिन सकिन्छ । तर जनश्रुति र ऐतिहासिक तथ्यबीचको भिन्नतालाई स्पष्ट राख्दै तिनलाई थप अभिलेखीय तथा पुरातात्त्विक प्रमाणसँग तुलना गर्नु आवश्यक हुन्छ ।

आज पनि आँधीमूलको सांस्कृतिक पहिचानमा पानीको मूलसँग जोडिएको पुरानो सम्बन्धको स्मृति देख्न सकिन्छ। यही स्मृति, स्थानीय विश्वास र जनजीवनको निरन्तरताले आँधीमूललाई एउटा ठाउँभन्दा बढी-प्रकृति, पानी र मानिसबीचको सम्बन्ध बोकेको सांस्कृतिक स्थलका रूपमा बुझ्न आधार दिन्छ ।

**छिम्केश्वरी : प्रकृति र आस्थाको उचाइ**

छिम्केश्वरी यस भूगोलको महत्वपूर्ण प्राकृतिक तथा सांस्कृतिक परिचयका रूपमा चिनिन्छ । तनहुँका पहाडी भू-भागसँग जोडिएको छिम्केश्वरी प्राकृतिक दृश्य र भौगोलिक अवस्थाका कारण आकर्षक देखिन्छ । यससँगै छिम्केश्वरी मन्दिर तथा बुढीदेवी/बुढीमाईसँग सम्बन्धित स्थानीय जनश्रुति, पूजा-परम्परा र विश्वासहरूले यसको धार्मिक-सांस्कृतिक महत्त्वलाई थप उजागर गर्छन् ।

छिम्केश्वरीको विगत र सांस्कृतिक महत्त्वबारे स्थानीय जनश्रुति तथा साहित्यिक अभिलेखनमा विभिन्न कथनहरू पाइन्छन् । छिम्केश्वरीबाट देखिने नदी, हिमाली श्रृंखला र आसपासका बस्तिका दृश्य तथा मन्दिरसँग सम्बन्धित मिथक र किंवदन्तीहरू पनि स्थानीय स्मृतिमा रहेका छन् । यस्ता कथनहरूको ऐतिहासिक सत्यता र उत्पत्तिबारे थप अभिलेखीय तथा अनुसन्धानात्मक अध्ययन आवश्यक हुन सक्छ ।

जनश्रुति र मौखिक परम्परालाई प्रमाणित ऐतिहासिक तथ्यसँग एउटै तहमा राख्नु उपयुक्त हुँदैन । तर तिनलाई पूर्ण रूपमा बेवास्ता गर्नु पनि उचित हुँदैन । लिखित प्रमाण सीमित भएका अवस्थामा मौखिक परम्परा, स्थानीय कथन र सांस्कृतिक अभ्यासले कुनै समाजले आफ्नो अतितलाई कसरी सम्झन्छ र पुस्ताैँसम्म कसरी हस्तान्तरण गर्छ भन्ने बुझ्न महत्वपूर्ण आधार प्रदान गर्न सक्छन् ।

यस दृष्टिले छिम्केश्वरीको अध्ययन र पर्यटन विकासमा भौतिक पूर्वाधार, पहुँच र पर्यटकीय संरचनासँगै त्यहाँसँग जोडिएका स्थानीय कथा, पूजा-परम्परा, सांस्कृतिक अभ्यास र जनस्मृतिको पनि अभिलेखीकरण आवश्यक देखिन्छ । यसले छिम्केश्वरीलाई केवल दृश्यावलोकनको गन्तव्यका रूपमा होइन, प्रकृति, आस्था र स्थानीय सांस्कृतिक स्मृतिको संगमका रूपमा बुझ्न र संरक्षण गर्न सहयोग पुऱ्याउन सक्छ ।

**ऐनापहरा : प्राकृतिक स्थलदेखि पर्यटकीय गन्तव्यतर्फ**

यही भूगोलको अर्को महत्वपूर्ण प्राकृतिक स्थल हो-ऐनापहरा । स्थानीय स्मृति र उपलब्ध विवरणअनुसार ऐनापहरा लामो समयदेखि झरना, पहरा, पानी र हरियालीसँग जोडिएको प्राकृतिक स्थलका रूपमा चिनिँदै आएको देखिन्छ । पछिल्लो समय भने यस स्थललाई व्यवस्थित पर्यटकीय गन्तव्यका रूपमा विकास र प्रवर्द्धन गर्ने प्रयासहरू भएका छन् । यस परिवर्तनको विस्तृत समयक्रम र प्रभावबारे थप अभिलेखीय अध्ययनले अझ स्पष्ट चित्र दिन सक्छ ।

पृथ्वीराजमार्गसँगको निकटताले ऐनापहराको पर्यटकीय सम्भावनालाई सहज बनाएको देखिन्छ । राजमार्गबाट छोटो दूरीमा पुग्न सकिने भएकाले यात्राका क्रममा केही समय विश्राम गर्ने, प्राकृतिक दृश्य अवलोकन गर्ने तथा झरना र

बाँकी तेश्रो पेजमा




## तपाईंको आज

**मेष**
नयाँ कामको थालनी गर्न उपयुक्त समय छ। वैदेशिक क्षेत्रसँग सम्बन्धित काममा सफलता मिल्ने संकेत छ।

**वृष**
परिवारसँग समय बिताउँदा मन प्रसन्न रहनेछ। स्वास्थ्यप्रति भने सचेत रहनु राम्रो हुन्छ।

**मिथुन**
अध्ययन-अनुसन्धानमा रूचि बढ्नेछ। सहकर्मीको सहयोगले काम सहज रूपमा सम्पन्न हुनेछ।

**कर्कट**
व्यापार-व्यवसायमा सामान्य लाभ हुनेछ। दाम्पत्य जीवनमा समझदारी आवश्यक देखिन्छ।

**सिंह**
सामाजिक मान-सम्मान प्राप्त हुन सक्छ। नयाँ व्यक्तिसँग चिनजान बढ्नेछ, जसले भविष्यमा लाभ दिन सक्छ।

**कन्या**
विद्यार्थीका लागि राम्रो समय छ। स्वास्थ्यमा सामान्य समस्या आउन सक्छ, खानपानमा ध्यान दिनुहोस्।

**तुला**
साझेदारीको कामबाट फाइदा मिल्ने संकेत छ। कला तथा सिर्जनात्मक क्षेत्रमा सफलता मिल्नेछ।

**वृश्चिक**
अनावश्यक खर्च बढ्न सक्छ। परिवारमा सानो मतभेद हुन सक्छ, तर समझदारीले समाधान हुनेछ।

**धनु**
यात्रा तथा वैदेशिक कार्यमा प्रगति हुनेछ। धार्मिक तथा सामाजिक कार्यमा संलग्न हुने अवसर मिल्नेछ।

**मकर**
व्यवसायमा लगानी गर्दा सोचविचार गर्नु पर्छ। पदोन्नतिको सम्भावना देखिन्छ।

**कुम्भ**
नयाँ सम्बन्ध स्थापित हुने दिन छ। लेखन कार्यमा सफलता मिल्नेछ। मित्रसँग भेटघाटले मन प्रसन्न रहनेछ।

**मीन**
आध्यात्मिक चिन्तनमा मन जानेछ। पारिवारिक सहयोग प्राप्त हुनेछ। आर्थिक लाभका अवसर प्राप्त हुन सक्छन्।

# आँधीमूलको पानीदेखि ऐनापहराको .......

आसपासको वातावरण अनुभव गर्ने स्थलका रूपमा यसको उपयोग बढ्दै गएको स्थानीय अनुभव र उपलब्ध विवरणहरूले संकेत गर्छन्।

ऐनापहराको प्राकृतिक पहरा र ढुंगामा निर्माण गरिएका कलात्मक आकृतिहरूले पनि यस स्थलको दृश्यात्मक पहिचान थपेको देखिन्छ । स्थानीय तहबाट गणेश, आमा–बच्चालगायतका आकृति निर्माण गरिएको विवरण सार्वजनिक स्रोतहरूमा उल्लेख भएको पाइन्छ। यस्ता संरचनाको निर्माण, मिति र उद्देश्यबारे आधिकारिक अभिलेखका आधारमा थप विवरण प्रस्तुत गर्न सकिन्छ।

यसरी हेर्दा ऐनापहराको वर्तमान विकासलाई प्राकृतिक सम्पदाको पर्यटन सम्भावनालाई स्थानीय व्यवस्थापन र प्रवर्द्धनसँग जोड्ने प्रयासका रूपमा बुझ्न सकिन्छ । यहाँको मूल आकर्षण भने अझै पनि झरना, पहरा, पानी र हरियालीजस्ता प्राकृतिक विशेषतामै आधारित छ ।

त्यसैले ऐनापहराको पर्यटन विकासमा भौतिक संरचना निर्माणसँगै प्राकृतिक स्वरूपको संरक्षण, सुरक्षित पहुँच, सरसफाइ, पर्यावरणीय संवेदनशीलता र स्थानीय समुदायको सहभागितालाई पनि समान महत्त्व दिन आवश्यक देखिन्छ। यसले प्राकृतिक स्थलको मौलिकता जोगाउँदै त्यसलाई दिगो पर्यटकीय गन्तव्यका रूपमा विकास गर्न सहयोग पुऱ्याउन सक्छ । यसरी हेर्दा ऐनापहराको कथा 'प्रकृतिले दिएको सम्पदा' बाट 'स्थानीय सरकारले व्यवस्थापन र प्रवर्द्धन गरेको पर्यटन गन्तव्य' बन्ने संक्रमणको कथा पनि हो।

**नेतृत्वमा विकासको दृष्टि**

स्थानीय तहको दोस्रो निर्वाचनपछि निर्वाचित जनप्रतिनिधिले ऐनापहरालाई पर्यटकीय गन्तव्यका रूपमा विकास गर्ने प्रयास अघि बढाएको सार्वजनिक विवरणहरूमा उल्लेख छ । गाउँपालिकाले ऐनापहरालाई केवल झरना हेर्ने ठाउँका रूपमा सीमित नराखी गण्डकी प्रदेशकै उत्कृष्ट पर्यटकीय गन्तव्य बनाउने सोच सार्वजनिक गरेको छ। त्यसअनुसार पार्क निर्माण, ढुंगामा कलात्मक आकृति, पर्यटकमैत्री संरचना तथा थप आकर्षणका योजना अघि बढाइएको देखिन्छ।

स्थानीय सरकारको राजनीतिक नेतृत्वले पर्यटनलाई विकासको एजेन्डा बनाएको परिणामका रूपमा बुझ्नु बढी उपयुक्त हुन्छ । किनभने गाउँपालिकाको नेतृत्वमा राजनीतिक टिम, जनप्रतिनिधि, कर्मचारी, स्थानीय समुदाय र बजेट संयन्त्रबीचको समन्वयबाट मात्र सार्वजनिक पूर्वाधार निर्माण सम्भव हुन्छ । यही कारणले ऐनापहरामा भएको परिवर्तन एउटा स्थानीय राजनीतिक नेतृत्वले विकासको प्राथमिकता कसरी निर्धारण गर्छ भन्ने उदाहरणका रूपमा पनि हेर्न सकिन्छ।

**विकासको प्रभाव : पर्यटकदेखि स्थानीय अर्थतन्त्रसम्म**

पर्यटन पूर्वाधार निर्माणको वास्तविक मूल्य त्यतिबेला देखिन्छ, जब त्यसले स्थानीय अर्थतन्त्रमा प्रभाव पार्न थाल्छ। ऐनापहरा उद्यान सञ्चालनमा आएपछि गाउँपालिकाले सात महिनामै रू. ३० लाख आम्दानी गरेको विवरण सार्वजनिक भएको छ। सोही अवधिसम्म पर्यटन प्रवर्द्धनका लागि गाउँपालिकाले करिब रू. दुई करोड लगानी गरिसकेको उल्लेख छ ।

यी तथ्यांक केवल आम्दानीका अंक होइनन्। यसले एउटा सम्भावनाको संकेत गर्छ–यदि प्राकृतिक सम्पदालाई व्यवस्थित, सुरक्षित र आकर्षक ढंगले व्यवस्थापन गर्न सकियो भने स्थानीय तहले पर्यटनबाट प्रत्यक्ष आम्दानी गर्न सक्छ र त्यससँगै स्थानीय व्यवसाय पनि विस्तार हुन सक्छ ।

यात्रु रोकिएपछि चिया पसल चल्छ। पर्यटक बढेपछि होटल र होमस्टे चल्छन् । स्थानीय उत्पादनको माग बढ्छ । यातायात व्यवसायले काम पाउँछ। युवाका लागि रोजगारीका नयाँ अवसर सिर्जना हुन सक्छन् ।

त्यसैले ऐनापहराको विकासलाई एउटा पार्क निर्माणको योजनाभन्दा ठूलो आर्थिक सम्भावनाको सुरूवातका रूपमा बुझ्नुपर्छ ।

**पृथ्वीराजमार्ग : चुनौती होइन, अवसर**

पृथ्वीराजमार्गसँग जोडिनु यस क्षेत्रको सबैभन्दा ठूलो पर्यटन शक्ति हो । नेपालका धेरै सुन्दर ग्रामीण गन्तव्यमा पर्यटक पुग्न नसक्नुको मुख्य कारण पहुँच हो। तर आँबुखैरेनीको अवस्थामा समस्या उल्टो छ– पर्यटक जाने प्रमुख राजमार्ग नै गन्तव्यको छेउमा छ। यसलाई पर्यटन रणनीतिमा बदल्न सक्ने हो भने पृथ्वीराजमार्ग केवल यातायातको बाटो रहने छैन; यो पर्यटनको प्रवेशद्वार बन्न सक्छ। ऐनापहरालाई प्रवेशद्वारका रूपमा विकास गर्दै त्यहाँबाट आँधीमूल, छिम्केश्वरी र आसपासका अन्य प्राकृतिक तथा धार्मिक गन्तव्यसम्म पर्यटकलाई जोड्ने 'पर्यटन सर्किट' बनाउन सकिन्छ । राजमार्गमा यात्रा गर्ने मानिसलाई केही मिनेट रोक्ने ठाउँबाट सुरु भएको पर्यटन अन्ततः दुई दिन बस्ने पर्यटनमा बदलिन सक्छ ।

**अबको प्रश्न : संरचना बनाउने कि गन्तव्य बनाउने?**

स्थानीय सरकारको अहिलेको प्रयासले संरचना निर्माणको आधार तयार गरेको छ। तर अबको चुनौती अझ ठूलो छ, यी संरचनालाई दिगो पर्यटन उत्पादनमा कसरी बदल्ने ? आँदिमूलको इतिहास र स्थानीय जनजीवन अभिलेख गर्नुपर्छ। छिम्केश्वरीका जनश्रुति, धार्मिक परम्परा र प्राकृतिक पदमार्गलाई व्यवस्थित गर्नुपर्छ। ऐनापहराको प्राकृतिक स्वरूप जोगाउँदै पर्यटक व्यवस्थापन गर्नुपर्छ।

त्यसैगरी स्थानीय युवालाई पर्यटनसँग जोड्ने, होमस्टे विस्तार गर्ने, स्थानीय खानालाई ब्रान्डिङ गर्ने, स्थानीय उत्पादनको बिक्री केन्द्र स्थापना गर्ने र डिजिटल माध्यमबाट तीनवटै गन्तव्यको संयुक्त प्रचार गर्न आवश्यक छ।

**एउटा सम्भावित पर्यटन सर्किट**

अब आँबुखैरेनीले एउटा नयाँ अवधारणा अघि सार्न सक्छः– ऐनापहरा–आँधीमूल–छिम्केश्वरी पर्यटन सर्किट

ऐनापहरा राजमार्गबाट आउने पर्यटकको प्रवेशबिन्दु बन्न सक्छ। त्यहाँबाट आँधीमूलको धार्मिक तथा सांस्कृतिक अनुभव लिन सकिन्छ। त्यसपछि छिम्केश्वरीको पहाडी प्राकृतिक सौन्दर्य र धार्मिक आस्थासम्म पुग्न सकिन्छ । यसरी तीनवटा गन्तव्यलाई एउटै कथामा जोड्दा पर्यटकले एउटा झरना मात्र होइन, एउटा भूगोलको इतिहास, संस्कृति, प्रकृति र जनजीवन अनुभव गर्ने अवसर पाउँछ ।

**निष्कर्ष**

आँधीमूलको मूलमा इतिहास छ। छिम्केश्वरीको पहाडमा प्रकृति र आस्था छ । ऐनापहराको झरनामा नयाँ पर्यटनको सम्भावना छ। यी तीनवटैलाई जोड्ने शक्ति भनेको स्थानीय समुदाय, स्थानीय सरकार र पृथ्वीराजमार्गको पहुँच हो । आँबुखैरेनी गाउँपालिकाले पर्यटनलाई विकासको प्राथमिकतामा राख्दै ऐनापहरा लगायतका क्षेत्रको पूर्वाधारमा गरेको लगानीले एउटा सम्भावनालाई व्यवहारमा उतार्ने आधार तयार गरेको देखिन्छ । अबको सफलता भनेको त्यसलाई अझ व्यवस्थित, दिगो र स्थानीय जनजीवनसँग प्रत्यक्ष जोडिएको पर्यटन मोडलमा बदल्नु हो ।

किनकि पर्यटनस्थल केवल पार्क, बाटो वा भवनले बन्दैन। त्यहाँको इतिहास, मानिस, संस्कृति, प्रकृति र त्यसलाई हेर्ने राज्यको दृष्टिकोणले गन्तव्य निर्माण गर्छ। छिम्केश्वरीको शिखरदेखि आँधीमूलको पानी र ऐनापहराको झरनासम्म आइपुग्दा आँबुखैरेनीमा एउटा परिवर्तनको कथा देखिन्छ "प्रकृतिले दिएको सम्भावनालाई स्थानीय नेतृत्वले विकासको योजनासँग जोड्दै लगेको कथा ।" र यही कथा अब पृथ्वीराजमार्गबाट गुड्ने यात्रुलाई केही क्षण रोक्ने मात्र होइन, उनीहरूलाई यो भूगोलसँग जोडेर लामो समय बस्ने पर्यटक बनाउने दिशातर्फ अघि बढ्न सक्छ ।


## व्यक्ति एउटै भएको सूचना

गण्डकी प्रदेश तनहुँ जिल्ला साविक ढोरफिर्दी गाविस वडा नं. ३ भै हाल शुक्लागण्डकी नगरपालिका वडा नं. ८ स्थायी ठेगाना भएका **वल बहादुर थापा**को छोराको नागरिकतामा **भविश्वर थापा** भारतीय भु.पु. सैनिक नं. ५३४४५४१P, पद NK (TS) रहेको र निजको जेठी छोरीको नागरिकता प्रमाणपत्रमा नामथर **डिमा कान्ति राना** रहेको साथै बुबाको भारतीय सैनिक अभिलेखमा नामथर **लोमाकान्ति** भई फरक परेता पनि व्यक्ति एकै भएको भनी शुक्लागण्डकी नगरपालिका वडा नं. ८ को वडा कार्यालयको च.नं. २०० मिति २०८३/०५/११ गतेको पत्रबाट सिफारिस भई आएकाले सोही व्यहोरा भारतीय पेन्सन प्रयोजनको लागि मात्र सिफारिस गरिन्छ ।



## मिर्लुङ पोलिक्लिनिक प्रा.लि.

**व्यास नगरपालिका-२, दमौली तनहुँ**

**फोन : ०६५-५६४५७८, ९८४६०६२४६५, ९८४६७७०४७२, ९७०३४५७५७८**

**सम्बन्धित बिरामीले विशेषज्ञ चिकित्सकद्वारा उपचार सेवा लिनुहोस**

**भदौ २७ गते शनिबार**



**प्रोफेसर डा. जय बहादुर खत्री**
**वरिष्ठ स्नायु, मानसिक, नशा तथा लागुऔषध रोग विशेषज्ञ**
(Manipal Teaching Hospital, Pokhara)

**स्वास्थ्य परीक्षण तथा उपचार गरिने प्रमुख रोगहरु र लक्षणहरुः**

**१. मानसिक स्वास्थ्य सम्बन्धी समस्या:**
- अत्यधिक तनाव, चिन्ता वा डर लाग्ने समस्या
- निद्रा नलाग्ने, बारम्बार झस्किने
- डिप्रेसन (अवसाद), एक्लोपन, निराशा
- अत्यधिक रिस उठ्ने वा आफैंलाई क्षति पुऱ्याउने सोच

**२. स्नायु (Neurology) सम्बन्धी समस्या:**
- झट्का लाग्ने (Epilepsy/Seizures)
- हातखुट्टा कमजोर वा चल्न नसक्ने - मस्तिष्क पक्षघात (Stroke)
- स्मरण शक्ति गुम्ने, बोली गडबड हुने
- पार्किन्सन, टाउको दुखाइ, चक्कर आदि

**३. नशा र लागुऔषध दुर्व्यसन सम्बन्धी समस्या:**
- मदिरा, चुरोट, गाँजा, ब्राउन सुगर, ट्याब्लेट आदिको लत
- नशा नपाउँदा बेचैनी, कम्पन, पसीना आउने
- नशा छोड्न कठिनाइ, बारम्बार प्रयत्न असफल हुने
- पुन:स्थापना र मनो-सामाजिक परामर्श आवश्यक पर्ने अवस्था
- समयमै जाँच गरौं, स्वस्थ मानसिकता र जीवनशैली अपनाऔं।
- शरीरको मात्र होइन, मनको पनि उपचार आवश्यक छ।

**हाम्रा उपलब्ध सेवाहरु :**

१) भिडियो एक्सरे २) आधुनिक प्रयोगशाला सेवा (रगत, दिशा, पिसाव, विर्य, खकार तथा Whole body test पनि गरिन्छ ३) इ.सि.जी. सेवा, मुटुको जाँच, ४) इको (ECHO) गंगालाल हस्पिटलका डा.द्वारा मुटुको भिडियो एक्सरे गरिन्छ ५) माइनर अपरेशन सेवा तथा प्लास्टर, ड्रेसिङ्ग, स्टेचिङ्ग आदी सेवा, ६) नेवुलाइजर सेवा, ७० किशोर किशोरीहरूलाई यौन तथा प्रजनन् स्वास्थ्य सम्बन्धी नि:शुल्क परामर्श सेवा, ७) परिवार नियोजनका अस्थायी स्वास्थ्य सेवा तथा सुविधा ८) गुणस्तरीय फार्मेसी सेवा ।


bhanjyangnews.com

# तनहुँ समाज हङकङद्वारा रू १५ लाख ५५ हजार सहयोग

**भञ्ज्याङ समाचारदाता**/तनहुँ

भोटेकोशी क्षेत्रमा आएको विनाशकारी बाढीबाट प्रभावित परिवारको राहत तथा पुन:स्थापनाका लागि तनहुँ समाज हङकङले रू. १५ लाख ५५ हजार सहयोग गरेको छ ।

तनहुँलगायत विभिन्न जिल्लाबाट हङकङ पुगेर कर्मथलो




बनाएका नेपालीबाट संकलित उक्त रकम प्रधानमन्त्री दैवी प्रकोप उद्धार राहत कोषमा जम्मा गरिएको समाजका अध्यक्ष कर्णबहादुर नेपालीले जानकारी दिए ।

बाढीका कारण देशवासीले भोग्नुपरेको विषम परिस्थितिमा सहयोगका लागि हातेमालो गर्ने सम्पूर्ण तनहुँवासी तथा गैरतनहुँवासीप्रति अध्यक्ष नेपालीले धन्यवाद व्यक्त गरेका छन् । उनले आगामी दिनमा समेत विपद्को समयमा एकजुट भएर सहयोग गर्ने प्रतिबद्धता व्यक्त गरे ।

राहत रकम कोषमा जम्मा गरिएको विषयमा समाजको प्रतिनिधिमण्डलले हङकङस्थित नेपाली महावाणिज्यदूतावासको कार्यालयमा समेत जानकारी गराएको छ । समाजका निवर्तमान अध्यक्ष तेज गुरूङ, उपाध्यक्ष सुवित गुरूङ, पूर्वसल्लाहकार टेकबहादुर गुरूङ, कोष संयोजक भोज आले, कार्यसमिति सदस्य विष्णु थापा, तनहुँ समाज हङकङ महिला विभागकी उपाध्यक्ष अरूणा आले तथा आजीवन सदस्य रामबहादुर आले र प्रतिक सार्कीको प्रतिनिधिमण्डलले महावाणिज्यदूतावासमा जानकारी गराएको उपाध्यक्ष सुवित गुरूङले बताए ।

समाजले विपद्को समयमा आर्थिक सहयोग जुटाएर मातृभूमिमा रहेका प्रभावित परिवारलाई राहत तथा पुन:स्थापनामा सहयोग पुऱ्याउने उद्देश्यले रकम संकलन गरेको जनाएको छ ।

# बाढीपीडितका लागि व्यास ......

रहेका विभिन्न जातजाति तथा समुदायका परम्परागत घाट, चिहान, समाधिस्थल लगायत अन्त्येष्टि स्थलको पहिचान तथा अभिलेखीकरण गर्न सम्बन्धित वडा कार्यालयलाई निर्देशन दिएको छ।

त्यस्तै, घर कायम नभएका घरको सम्पत्ति कर निर्धारणमा देखिएको समस्यालाई सम्बोधन गर्दै घर कायम गर्ने व्यवस्था खुलेपछि सोहीअनुसार निर्णय हुने गरी तत्काल घरले चर्चेको जग्गाको निर्धारित मूल्य तथा प्राविधिकबाट गरिएको नापजाँच र तला संख्याका आधारमा सम्पत्ति कर लिने व्यवस्था गर्न वडा कार्यालयलाई निर्देशन दिइएको छ ।

बैठकले राष्ट्रिय शिक्षा दिवसको अवसरमा विद्यावारिधि उपाधि हासिल गरेका अनुसन्धानकर्ता, उत्कृष्ट नतिजा हासिल गराउने शिक्षक तथा विद्यार्थी र शिक्षाको क्षेत्रमा योगदान पुऱ्याउने विद्यालय व्यवस्थापन समितिका अध्यक्ष तथा शिक्षकलाई सम्मान तथा पुरस्कार प्रदान गर्ने निर्णयसमेत गरेको छ।


## शिक्षक आवश्यकता

*विद्यालयमा दोश्रोपटक सूचना प्रकाशित मिति : २०८३/०५/२२*

शुक्लागण्डकी नगरपालिकाको कार्यालय तनहुँको च.नं. ३१९ मिति २०८३/०५/२२ को प्राप्त अनुमति पत्रानुसार यस विद्यालयमा माध्यमिक तह तृतीय श्रेणीको **सामाजिक** विषय शिक्षक करारमा नियुक्त गर्नुपर्ने भएकाले यो सूचना प्रकाशित भएको मितिले ७ (सात) दिन भित्र योग्यता पुगेका इच्छुक नेपाली नागरिकहरूबाट तपसिलमा उल्लेखित कागजात सहित रितपूर्वकको दरखास्त आव्हान गरिन्छ । रित नपुगेको दरखास्त उपर कुनै कारवाही हुने छैन ।

तपसिल

१) **पद** : माध्यमिक तह (करार)
२) **विषय** : सामाजिक ३) **आवश्यक संख्या** : १ (एक) जना
४) **शैक्षिक योग्यता**: सम्बन्धित विषयमा स्नातक वा सोसरह उत्तीर्ण
५) **दरखास्त शुल्क** : १०००/- (एक हजार रूपैयाँ)
६) **तलब** : नेपाल सरकारले तोके बमोजिम ।
७) **उमेर** : १८ वर्ष पुरा भई ४० वर्ष ननाघेको ।
८) **आवश्यक कागजात** : नेपाली नागरिकताको प्रमाणित प्रतिलिपि, शैक्षिक योग्यताको प्रमाणपत्रको प्रमाणित प्रतिलिपि, शिक्षण अनुमती पत्रको प्रतिलिपि, निरोगिताको प्रमाणपत्र ।
९) **परीक्षाको किसिम** : लिखित, मौखिक र आवश्यक भएमा प्रयोगात्मक
१०) **दरखास्त दिने अन्तिम मिति** : २०८३/०५/२८ गतेसम्म
११) **सम्पर्क मिति** : २०८३/०५/२८ गते विद्यालय समय भित्र ।
१२) **परीक्षा मिति** : सम्पर्क मितिमा तोकिने छ ।

प्रधानाध्यापक

**श्री जनप्रेमी माध्यमिक विद्यालय**

शुक्लागण्डकी-१२, लामागाउँ, तनहुँ । सम्पर्क : ९८१४११५३६४, ९८५६०३५५३४


उपभोक्ताहरूले खाद्य वस्तु खरिद गर्दा खाद्य पदार्थको बाहिरी आवारणको लेवलमा खुलाउनु पर्ने अनिवार्य मापदण्ड (उत्पादन मिति, उपभोग्य मिति, व्याच नम्बर, तौल/आयतन, उद्योगको पुरा नाम ठेगाना) हेरेर मात्र खरिद गरौं ।

जि.का.कास्की द.नं. ११/२०३९/०४०,
जि.प्र.का. तनहुँको स्वीकृत मितिः २०५९/०३/२४, त.जि.हु.द.नं. २/२०७८/०७९




**११३औं बीपी जयन्ती :** नेपाली कांग्रेस व्यास नगर समितिले ११३औं बीपी जयन्तीका अवसरमा बुधबार दमौली स्थित बीपी वनवाटिकामा आयोजना गरेको कार्यक्रमका सहभागिहरू । *तस्विर : भञ्ज्याङ*

# नेपालले किन मागिरहेको ......

मानिसको मृत्यु वा बेपत्ताको खबर आएपछि मात्र विश्वको ध्यान बढ्नु र अन्ततः उनीहरूको पीडाले जलवायु परिवर्तनविरूद्ध लड्न कुनै आधार सिर्जना नगर्नु यहाँका मानिसका लागि अत्यन्त पीडादायी छ ।' २८ वर्षीय नेपाली जलवायु अभियन्ता श्रेया केसीका अनुसार नेपालमा जलवायु परिवर्तनको प्रभाव भोगिरहेका मानिसमा गहिरो आक्रोश र दुःख छ । उनीहरूका अनुसार जलवायु परिवर्तनको मुख्य जिम्मेवारी अन्य देशहरूको भए पनि त्यसको असर नेपालले भोगिरहेको छ ।

'मेरो जन्मथलो पूर्वी नेपालको सोलुखुम्बु हो,' उनले भनिन्, 'दुई साताअघिको बाढीपछि मेरो क्षेत्रका मानिसले अब यस्तो घटना नेपालमा जहाँसुकै हुन सक्छ भन्ने महसुस गरेका छन्, किनकि हिमालय तातिरहेको छ र हिमाल झन् तीव्र गतिमा पग्लिरहेका छन्। अन्य देशका कारण आज जलवायु परिवर्तनबाट सबैभन्दा बढी प्रभावित हुनेमा नेपालीहरु परेका छन् । त्यसैले मानिसहरु न्याय चाहन्छन्।'

**के 'जलवायु न्याय' वास्तवमै सम्भव छ ?**

नेपालको राष्ट्रिय विपद् जोखिम न्यूनीकरण तथा व्यवस्थापन प्राधिकरणको प्रारम्भिक अनुमानअनुसार पछिल्लो बाढीबाट देशको सम्पत्ति, आवास तथा पूर्वाधारमा भएको क्षति करिब २ अर्ब ५६ करोड अमेरिकी डलर (करिब ३.८ खर्ब नेपाली रूपैयाँ)बराबर छ। तर 'जलवायु न्याय'को अवधारणाका आधारमा क्षतिपूर्ति माग गर्नु व्यवहारमा सहज नहुने एम्स्टर्डम विश्वविद्यालयकी ग्लोबल साउथको वातावरण तथा विकास विषयकी प्राध्यापक जोयिता गुप्ताको भनाइ छ।

संयुक्त राष्ट्रसंघका अनुसार 'जलवायु न्याय' भनेको जलवायु परिवर्तनबाट जोखिममा रहेका समुदाय र भावी पुस्तामाथि असमान रूपमा परेको प्रभावलाई सम्बोधन गर्न खोज्ने नैतिक तथा न्यायिक सिद्धान्त हो । गुप्ताले भनिन्, 'म यसलाई अरूका दृष्टिकोणलाई पनि ध्यानमा राख्ने र अरूलाई क्षति नपुर्‍याउने न्याय प्रणालीका रूपमा परिभाषित गर्छु ।' उनका अनुसार नेपालले हरितगृह ग्यास उत्सर्जन अत्यन्त न्यून गरे पनि आफूले सिर्जना नगरेका जलवायु समस्याको सबैभन्दा ठुलो असर भोगिरहेको छ । 'नेपालले जलवायु न्यायको दाबी गर्नुको यही नै पर्याप्त कारण हो,' उनले भनिन् ।

गुप्ताका अनुसार सन् १९९० अघिको अवधिमा ठुला उत्सर्जनकर्ता देशहरूले जलवायु परिवर्तनबाट प्रभावित हुने मुलुकलाई क्षतिपूर्ति दिनुपर्ने विषयमा अन्तर्राष्ट्रिय स्तरमा व्यापक बहस भएको थियो । तर त्यसपछि अन्तर्राष्ट्रिय जलवायु सन्धिहरूको एजेन्डाबाट 'क्षतिपूर्ति' भन्ने शब्द क्रमशः हराउँदै गयो । त्यसको सट्टा विकासशील देशहरूलाई जलवायु परिवर्तनसँग जुध्न आवश्यक सहयोग उपलब्ध गराउने विषयमा बढी जोड दिइयो।

सन् २०२५ जुलाईमा जलवायु परिवर्तनसम्बन्धी दिएको परामर्शात्मक रायमा अन्तर्राष्ट्रिय न्याय अदालत (आईसीजे) ले सबै राष्ट्रलाई अन्तर्राष्ट्रिय कानुनअन्तर्गत गम्भीर जलवायु क्षति रोक्न बाध्यकारी कानुनी दायित्व रहेको उल्लेख गरेको थियो ।

आईसीजेको उक्त रायमा अन्तर्राष्ट्रिय जलवायु दायित्व उल्लङ्घन गर्ने राष्ट्रलाई पूर्ण क्षतिपूर्ति दिन बाध्य पार्न सकिने र त्यसमा अन्य देशका गतिविधिबाट जलवायु परिवर्तनको असर भोगेका 'पीडित राष्ट्र'लाई आर्थिक क्षतिपूर्ति पनि समावेश हुन सक्ने उल्लेख छ ।

आईसीजेको परामर्शात्मक राय कानुनी रूपमा बाध्यकारी नभए पनि यसले अन्तर्राष्ट्रिय कानुनको एउटा महत्त्वपूर्ण आधार प्रस्तुत गरेको गुप्ताको भनाइ छ । उनका अनुसार यही आधारले नेपाल सरकारको जलवायु न्याय र क्षतिपूर्तिसम्बन्धी अन्तर्राष्ट्रिय अपिललाई बलियो बनाउन सक्छ।

**'आन्तरिक न्यायबिना जलवायु न्याय हुँदैन'**

नेपालका प्रधानमन्त्री वालेन्द्र शाह सेप्टेम्बर २२ मा न्यूयोर्क जाने र सेप्टेम्बर २४ मा संयुक्त राष्ट्रसंघको ८१औँ महासभालाई सम्बोधन गर्ने कार्यक्रम छ । उनको सम्बोधनमा नेपालको जलवायु न्यायसम्बन्धी माग प्रमुख विषय बन्ने अपेक्षा गरिएको छ । जलवायु अभियन्ता श्रेया केसीका लागि संयुक्त राष्ट्रसंघका बैठक तथा जलवायु परिवर्तनसम्बन्धी अन्तर्राष्ट्रिय सम्मेलनको आफ्नै महत्त्व भए पनि अहिले नेपाललाई सबैभन्दा बढी आवश्यक कुरा पैसा हो ।

उनले भनिन्, 'स्वास्थ्य, शिक्षा र देशलाई थप विकसित राष्ट्रमा रूपान्तरण गर्न छुट्ट्याइएको हाम्रो ठुलो रकम अहिले जलवायु परिवर्तनसँग जुध्न खर्च भइरहेको छ । त्यसैले विशेषगरी ग्लोबल नर्थका उत्सर्जन गर्ने देशहरूले संयुक्त राष्ट्रसंघको लस एन्ड ड्यामेज फन्डमा थप रकम प्रतिबद्ध गर्नुपर्छ।' उनका अनुसार उक्त कोषको रकम जोखिममा रहेका समुदायलाई ऋणका रूपमा होइन, जलवायु परिवर्तनको सबैभन्दा ठुलो असर भोगेकाहरूका लागि क्षतिपूर्तिका रूपमा उपलब्ध गराइनुपर्छ । नेपालमा जलवायु विपत्ति यो पहिलोपटक नभएको पाण्डे बताउँछिन्। गत वर्षको जेनजी आन्दोलनपछि यसै वर्ष मार्चमा सत्तामा आएको नयाँ सरकारले पनि आफ्नो बजेटमा जलवायुलाई प्राथमिकता दिन नसकेको उनको आरोप छ ।

नेपाली राजनीतिज्ञहरुले अन्तर्राष्ट्रिय जलवायु न्यायको माग गर्नु सकारात्मक भए पनि जलवायु परिवर्तनसँग जुध्न नेपालभित्रकै विकास मोडलमा पनि सुधार आवश्यक रहेको पाण्डेको भनाइ छ। 'देशभित्र आन्तरिक न्याय नभएसम्म जलवायु न्याय हुन सक्दैन,' उनले भनिन् । जलवायु उत्थानशीलतालाई ऐच्छिक विषयका रूपमा नहेर्न समेत दातृनिकाय समक्ष उनको आग्रह छ, 'नेपाल आर्थिक रूपमा कमजोर भएकै कारण विकासमा जलवायु उत्थानशीलतालाई वैकल्पिक विषयका रूपमा हेर्न बन्द गर्नुपर्छ। दिगोपनामा लगानी नगरी नेपालमा लगानी गर्नु भनेको खराब लगानी गर्नु हो ।'

गत महिनाको विनाशकारी बाढीमा मृत्यु भएका १ हजार ३०० भन्दा बढी मानिसको सम्झनामा नेपालले सोमबार राष्ट्रिय शोक दिवस मनाएको थियो । हजारौँ मानिस अझै बेपत्ता छन् ।

यस अवसरमा राष्ट्रपति पौडेलले राष्ट्रिय एकताका लागि आह्वान गरे, 'यो विभाजित हुने समय होइन । एकअर्कालाई दोष दिने वा राजनीतिक विवाद र टकरावमा अल्झिने समय पनि होइन । यो राष्ट्रिय एकता र ऐक्यबद्धता प्रदर्शन गर्ने समय हो। साथै यो पुनर्निर्माण, पुनःस्थापना र आर्थिक पुनरूत्थानको समय हो ।'

तर प्राध्यापक गुप्ताका अनुसार नेपालको अहिलेको सबैभन्दा ठुलो चुनौती जलवायु परिवर्तनसँग सम्बन्धित विपत्तिका लागि क्षतिपूर्ति दिलाउने अन्तर्राष्ट्रिय नजिर स्थापित गर्नु हो । उनका अनुसार अहिले नेपालमा हिमनदी भत्किने घटना देखिएको छ, तर समयसँगै समस्या अझ ठुलो बन्न सक्छ । मनसुनको स्वरूप परिवर्तन हुँदै जाने र समुद्री सतह बढ्दै जाने भएकाले जलवायुजन्य विपत्तिको दायरा अझ विस्तार हुन सक्छ ।

नेपालजस्तै धेरै विकासशील देश, विशेषगरी भविष्यमा समुद्रमा डुब्न सक्ने जोखिममा रहेका साना टापु राष्ट्रहरूले पनि यस्तै संकट सामना गर्नुपर्ने अवस्था आउन सक्छ। त्यसले सम्भावित क्षतिको आकार निकै ठुलो बनाउन सक्छ। 'यही कारणले धेरै धनी देश क्षतिपूर्ति दिन अनिच्छुक हुन सक्छन्, किनकि त्यसले भविष्यमा आउने यस्तै समस्याका लागि एउटा नजिर स्थापित गर्नेछ,' गुप्ताले भनिन् ।

तर नेपालजस्ता देशले भोगिरहेको संकट विश्वलाई जीवाश्म इन्धनको प्रयोग चरणबद्ध रूपमा अन्त्य गर्न र जलवायु परिवर्तनविरूद्धको विश्वव्यापी प्रयास तीव्र बनाउन दबाब दिने बलियो आधार पनि बन्न सक्ने उनको भनाइ छ । अलजजिराबाट

पत्रिका नआइपुगे, ग्राहक बन्नु परेमा तथा विज्ञापन प्रकाशित गर्नु परेमा ।
सम्पर्क : ०६५-५६३९०७
www.bhanjyangnews.com
E-mail : bhanjyangdml@gmail.com

facebook twitter



**Baburam Bhattarai**
x.com/brb1954

भदौ २३ को जेन्जी आन्दोलनमाथि नृसंस दमन गर्नेहरूलाई इतिहासले दण्डित गरिसकेको छ । परन्तु भदौ २४ मा भएको अकल्पनीय विध्वंश आंशिक रूपमा आक्रोशित युवाहरूको आवेगात्मक प्रतिवाद भए पनि लोकतान्त्रिक राज्यको सर्वोच्च अंग मानिने व्यवस्थापिका, कार्यपालिका र न्यायपालिकाका मुख्यालय र राज्यका अमूल्य ऐतिहासिक अभिलेखहरु सुनियोजित ढंगले नष्ट गर्ने दुष्प्रयत्न र त्यसको सम्भव भएसम्मको संरक्षणको प्रयत्न नगर्ने वा गर्न नदिने कार्य अत्यन्त गम्भीर विषय हो।

मैले विश्व इतिहासको अध्ययनबाट बुझेसम्म ठूलाठूला क्रान्ति र राज्यविप्लवको क्रममा पनि यस्तो हर्कत विरलै भएको छ ।

भदौ २३ र २४ को घटनाको छानवीन गर्न बनेको गौरीबहादुर कार्की आयोगले २३ गतेको घटनावारे विस्तृत प्रतिवेदन दिएको छ तर २४ गतेका घटनावारे सामान्य चर्चा गरेर 'थप छानवीन गर्नुपर्ने' सुझाव दिएको छ ।

युवाहरूको ठुलो वलिदान र आम जनताको अपार समर्थनबाट करिव दुइतिहाइ बहुमत प्राप्त र सुशासन तथा पारदर्शितालाई प्रमुख एजेण्डा बनाएको वर्तमान सरकारले कार्की आयोगको प्रतिवेदन तुरुन्त सार्वजनिक गरोस् र भदौ २४ का घटनाहरूको विस्तृत छानवीननिम्ति अझै उच्चस्तरीय र विश्वसनीय आयोग बनाओस् ।

सत्ताधारी दलका सभापति रवि लामिछानेको आजको संसदको संवोधनमा महत्वसाथ प्रयुक्त शब्द 'संस्थागत उपादेयता' ले यसवारे केहीआशा जगाएको छ।

सत्तासीन दल र सरकार दुबैको ध्यान भदौ २४ को सत्यतथ्य उत्खनन् र लोकतान्त्रिक राज्यको संस्थागत रक्षा र विकासमा केन्द्रित होस् !

# तनहुँ जिल्ला अदालतबाट ३ लाख ८१ हजार सहयोग

**भञ्ज्याङ समाचारदाता/तनहुँ**

रसुवाको भोटेकोशीमा आएको बाढीबाट प्रभावित नागरिकको राहत, उद्धार तथा पुनःस्थापनाका लागि तनहुँ जिल्ला अदालतबाट ३ लाख ८१ हजार ३ सय रूपैयाँ प्रधानमन्त्री दैवी प्रकोप उद्धार कोषमा जम्मा गरिएको छ।

तनहुँ जिल्ला अदालतका न्यायाधीश, श्रेस्तेदारसहित सम्पूर्ण कर्मचारीहरूका तर्फबाट उक्त रकम सहयोगस्वरूप कोषमा जम्मा गरिएको हो।

प्राकृतिक विपद्का कारण प्रभावित परिवारको तत्कालीन राहत तथा दीर्घकालीन पुनःस्थापनामा सहयोग पुर्याउने उद्देश्यले अदालत परिवारले सामूहिक रूपमा आर्थिक सहयोग गरेको जनाइएको छ।

# बाढी-पहिरो पीडितलाई तनहुँ समाज युकेको १० लाख सहयोग

**भञ्ज्याङ समाचारदाता/तनहुँ**

नेपालमा हालै आएको बाढी-पहिरोबाट प्रभावित नागरिकको उद्धार तथा राहतका लागि तनहुँ समाज युकेले १० लाख १९५ रूपैयाँ आर्थिक सहयोग गरेको छ। समाजले संकलन गरेको उक्त रकमको चेक समाजकी उपाध्यक्ष



निर्मला थापाले संघीय अर्थमन्त्री स्वर्णिम वाग्लेमार्फत हस्तान्तरण गर्नुभएको समाजका महासचिव महेन्द्र आलेले जानकारी दिए ।

चेक हस्तान्तरण कार्यक्रममा अर्थमन्त्री वाग्लेले विपद्का बेला आर्थिक सहयोग उपलब्ध गराउने तनहुँ समाज युकेका सम्पूर्ण सदस्यप्रति धन्यवाद व्यक्त गरे ।

मातृभूमि नेपाल विपद्मा परेका बेला सहयोग गर्ने सम्पूर्ण सदस्य तथा सहयोगी दाताप्रति समाजका अध्यक्ष सन्त गुरूङले आभार व्यक्त गरेका छन् ।

तनहुँ समाज युकेले बाढी-पहिरोमा परी अकालमा ज्यान गुमाउने सबैप्रति श्रद्धाञ्जली अर्पण गर्दै शोकाकुल परिवारजनप्रति गहिरो समवेदना व्यक्त गरेको छ। साथै विस्थापित तथा प्रभावित परिवारप्रति सहानुभूति प्रकट गर्दै उनीहरूको दुःखमा साथ रहने प्रतिबद्धता जनाएको छ ।

**भञ्ज्याङ पब्लिकेशन प्रा.लि.**द्वारा प्रकाशित **भञ्ज्याङ राष्ट्रिय दैनिक** पत्रिकाको लागि **सम्पादक** : नारायण खड्का ।
**कार्यालय** : ब्यास-२, दमौली, तनहुँ । **फोनः** ०६५-५६३९०७, E-mail:- bhanjyangdml@gmail.com, Web : www.bhanjyangnews.com **मुद्रण** :- विज्ञान प्रिन्टर्स दमौली, फोन : ०६५-५६०१२४